नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
**शिक्षा विकास तथा समन्वय इकाई**
**बागलुङ**

फोन नं. : ०६८-५२०१०५

पत्र संख्या : ०७५/०७६(कार्यक्रम)
च. न. : ६७५

मिति :२०७५।११।०७

श्री जैमिनी.....गाउँ/नगर कार्यपालिकाको कार्यालय
जै.नि.पा.,.......वागलुङ ।

श्री प्रशासन
अ.-को.

**विषय :–: सूचना पठाइएको सम्वन्धमा ।**

प्रस्तुत विषयमा सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेश , पोखरा नेपालको च.नं.१०९३ मिति २०७५।११।०५ को पत्रमा मित्र राष्ट्र चिनको हेनान प्रान्त सरकारवाट सन २०१९ को लागि प्राविधिक विषयमा स्नातक अध्ययन गर्नका लागि ४ वटा छात्रवृत्ती कोटामा मनोनयनका लागि दरखास्त माग सम्वन्धी सूचना शिक्षा विकास तथा समन्वय इकाई र सम्वन्धित स्थानिय तहवाट प्रवाह गरिदिनका लागि लेखिआएको हुँदा सूचना र मापदण्ड यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ । साथै विद्यार्थी छनौटको मापदण्ड, आवेदन फारम लगायतको जानकारी सामाजिक विकास मन्त्रालयको वेवसाइट www.mosd.gandaki.gov.np मा हेर्न सकिने व्यहोरा समेत अनुरोध छ ।

७५।११।०७

कुलराज उपाध्याय
उप-सचिव
इकाई प्रमुख

मिति २०७५।११।०४ गतेको अन्नपूर्ण राष्ट्रिय दैनिकमा प्रकाशित

# सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेशको हेनान छात्रवृत्तिमा मनोनयनका लागि दरखास्त माग सम्बन्धी सूचना

मित्रराष्ट्र चीनको हेनान प्रान्त सरकारबाट सन् २०१९ को लागि प्राविधिक विषयमा स्नातक अध्ययन गर्न ४ (चार) वटा छात्रवृत्ति कोटा प्राप्त भएकोले तपसिलमा उल्लेखित प्रक्रिया पूरा गरी सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश, पोखरामा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले तीस दिन भित्र दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

१. **दरखास्त फाराम:**
दरखास्त फाराम मन्त्रालयको वेब साइट www.mosd.gandaki.gov.np बाट डाउनलोड गर्न वा मन्त्रालयमा सम्पर्क गरी प्राप्त गर्न सकिने छ।

२. **छात्रवृत्तिका लागि आवेदन गर्ने विषय:** (१) Tourism Management (२) Pharmaceutical Engineering

३. **पेश गर्नुपर्ने कागजात**

क) **शैक्षिक योग्यताको प्रमाणपत्र:** विज्ञान विषय लिई कक्षा १२ वा सो सरह कम्तीमा द्वितीय श्रेणी वा २.४ GPA ल्याई उत्तीर्ण गरेको हुनुपर्नेछ। कक्षा १२ उतीर्ण गरेको शैक्षिक योग्यताको ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्र र स्थानान्तरण प्रमाणपत्र,
नेपाल बाहिरबाट शैक्षिक योग्यता भए शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रबाट समकक्षता प्रमाणित गरेको पत्र।

ख) **नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी:**
राहदानी पत्र बनाइ नसकेका उमेदवारहरु छनौट भएमा राहदानी पत्र बनाइ तोकिएको समयभित्र उपलब्ध गराइसक्नु पर्ने छ। (नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रमा नाम, थर, जन्म मिति फरक भएमा एउटै व्यक्ति भएको सम्बन्धित जिल्ला प्रशासन कार्यालयले प्रमाणित गरेको पत्र समेत।)

ग) **सिफारिस पत्र:** आदिवासी, जनजाति, दलित र मधेसी समुदायको व्यक्तिको हकमा त्यस्तो समुदायको व्यक्ति भनी सम्बन्धित निकायबाट प्रदान गरिएको सिफारिस पत्र (विस्तृत जानकारी मन्त्रालयको उक्त वेवसाइटबाट प्राप्त गर्न सकिने)।

४. **छनौटका आधार:** मन्त्रालयको माथि उल्लिखित वेवसाइटबाट हेर्न सकिने छ।

## मित्रराष्ट्र चीनको हेनान प्रान्त सरकारबाट प्राप्त छात्रवृत्ति कोटामा विद्यार्थी छनौटको मापदण्ड

प्रदेश सरकार , गण्डकी प्रदेश र जनवादी गणतन्त्र चीनको हेनान प्रान्त बीचको सम्बन्ध अझ प्रगाढ बनाउने उद्देश्यले मिति वि.सं. २०७५ साल कार्तिक ३० गते गरिएको समझदारी पत्रको बुँदा नम्बर ५मा हेनान प्रान्तको तर्फबाट आगामी पाँच वर्ष (सन् २०१९-२०२३ सम्म ) गण्डकी प्रदेशका बीस जना (वार्षिक चार जनाको दरले) विद्यार्थीलाई व्यवसायीक तथा प्राविधिक विषयमा स्नातक तहको अध्ययनको लागि पूर्ण छात्रवृत्ति प्रदान गर्ने समझदारी अनुरुप विद्यार्थी छनौट प्रक्रियालाई सरल, निष्पक्ष, पारदर्शी र विश्वसनिय तुल्याई तोकिएको समयावधिभित्र विद्यार्थी छनौट गर्नको लागि यो मापदण्ड तयार गरिएको छ ।

**२. छात्रवृत्तिको लागि आवेदन गर्ने विषयहरुः** यस वर्षका लागि Tourism Management र Pharmaceutical Engineering (चाइनिज भाषामा अध्ययन गर्ने ।) आगामी वर्षहरुको हकमा मन्त्रालयले हरेक वर्ष निर्णय गरी तय गरेका विषयहरु ।

**३. उमेदवारको योग्यताः**

क) गण्डकी प्रदेशमा बसोबास गर्ने नेपाली नागरिक

ख) कक्षा १२ मा विज्ञान विषय लिई कम्तिमा द्वितीय श्रेणीमा अथवा C+ ल्याई उत्तीर्ण गरेको ।

**४. पेश गर्नुपर्ने कागजातहरुः**

क) सम्बन्धित विश्विद्यालयबाट प्राप्त आवेदन फाराम

ख) कक्षा १२ उत्तीर्ण गरेको ट्रान्सक्रिप्टको प्रमाणित प्रतिलिपी

ग) नागरिकता प्रमाणपत्रको प्रतिलिपी

घ) निरोगिताको प्रमाणपत्रको प्रतिलिपी

ङ) पासपोर्ट साइजको फोटो- २ गोटा

**५. विद्यार्थी छनौटको मापदण्डः**

मन्त्रालयमा निर्धारित अवधिभित्र रीतपूर्वक प्राप्त आवेदनबाट छात्रवृत्तिको लागि मनोनयन गर्न देहाय बमोजिमको आधारमा सर्वाधिक अंक प्राप्त गर्ने कम्तीमा १ जना महिला सहित ४ जना मुख्य र २ जना वैकल्पिक उमेदवार छनौट गर्ने ।

| क्र.सं. | विषय | अंकभार | अंक विभाजन विवरण |
|---|---|---|---|
| १ | कक्षा १२ को प्राप्ताङ्क | ६० अंक | कक्षा १२ को प्राप्ताङ्कलाई ६०% अंकभार दिइनेछ । (६० लाई प्राप्ताङ्कले गुणानगरी १०० ले भाग गरेर अंकभार निकाल्ने) |
| २ | भौगोलिक क्षेत्र | १५ अंक | "क" वर्गका स्थानीय निकायमा स्थायी घर ठेगाना भएमा १५ अंक "ख" वर्गलाई १४ अंक "ग" वर्गलाई १३ अंक र "घ" वर्गलाई १२ अंक प्रदान गरिनेछ । |
| ३ | सामाजिक समूह | १५ अंक | क) दलित - १५ अंक<br>ख) जनजाति र मधेशी - १४ अंक<br>ग) अन्य (खस आर्य) - १३ अंक |
| ४ | विद्यालयको प्रकार | १० अंक | सामुदायिक विद्यालयका लागि १० अंक र संस्थागत विद्यालयका लागि ६ अंक प्रदान गरिनेछ । |
| जम्मा | | १०० अंक | |

**६. विद्यार्थी छनौटको आवश्यक प्रक्रिया:**

क) राष्ट्रिय दैनिक पत्रिकामा ३० दिनको म्याद दिइ सूचना प्रकाशन गरी छात्रवृत्तिका लागि निवेदन माग गर्ने ।

ख) मन्त्रालयमा पर्न आएका निवेदनको मूल्याङ्कन गरी विद्यार्थी छनौटका आधारमा छात्रवृत्तिका लागि मनोनयन गर्ने ।

ग) छात्रवृत्तिका लागि मनोनयन भएका विद्यार्थीहरुलाई अध्ययनबाट फर्केपछि यस प्रदेशमा स्वयसेवक भई काम गर्ने गरी कबुलियतनामा गराउने ।

**७. छात्रवृत्ति कार्यक्रममा प्राप्त हुने सुविधा:** छात्रवृत्तिमा मनोनित भई अध्ययनमा जाने विद्यार्थीले शिक्षण शुल्क ,आवास शुल्क, निर्वाह भत्ता र स्वास्थ्य विमाको लागि लाग्ने शुल्क तोकिए बमोजिम प्राप्त हुनेछ ।

**८. मन्त्रालयको वेव साइटमा राख्ने विवरण:**

क) राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरिएको सूचना,

ख) प्रस्तुत मापदण्ड र

ग) छात्रवृत्ति पाउने विद्यार्थीले प्राप्त गर्ने सुविधा सम्बन्धी प्राप्त कागजातमा उल्लेख गरेको विवरण ।